बैठक संख्याः ९९ औं

मिति २०८१/१२/१४ गते शुक्रबार बिहान १:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९५५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री अमृत कुमार घिताल | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको ९९ औं (मिति २०८१/१२/१४) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८१/११/०९ गते बसेको कार्यपालिकाको ९८ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८१/८२ को फागुन महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाको नगर खेलकुद विकास समितिको निर्णयानुसार नगरस्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिता मिति २०८१/१२/२६ देखि २८ गते सम्म सञ्चालन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो। सो प्रतियोगिता सञ्चालनको लागि आ.व. २०८१/८२ को राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको लागि विनियोजित बजेट रु ७ लाख र नगरस्तरीय अन्य खेलकुदमा विनियोजित बजेटबाट आर्थिक स्रोत विनियोजन गर्ने निर्णय गरियो। |
| निर्णय नं ४: | यस नगरपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८१/१२/२९ गते यस नगरपालिकाको वडा नं ४ स्थित गोमादेवी सामुदायिक भवनमा सञ्चालन गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | सङ्घीय मामिला मन्त्रालय तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ६: | यस नगरपालिकाको ६ नं वडा कार्यालयको च.नं. १२१३ मिति २०८१/१२/१३ को पत्रानुसार वडा नं ६ सलम्बुटार स्थित सार्वजनिक चौरमा अस्थाई घर/टहरा बनाई उपयोग गर्दै आएकोमा सो टहरालाई हटाई खाली गर्नको लागि वडा कार्यालयबाट मिति २०८१/०८/१६ मा ७ दिनको सूचना साथै मिति २०८१/०९/१६ मा ३५ दिने सूचना जारी गरे तापनि सो सूचनालाई वेवास्था गरी हाल सम्म पनि तपसिलका व्यक्तिहरुले खाली नगरेको हुँदा उक्त घर/टहरा हटाउनको निम्ति प्रचलित नियमानुसार नगरपालिकाबाट ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकामा कार्यरत इन्जिनियर श्री प्रकाश सिंह साउदको मिति २०८१/१२/१० को निवेदनानुसार निज कर्मचारी पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपाल इन्जिनियरिङ्ग कलेजमा बेलुकी सत्रमा स्नातकोत्तर अध्ययन गर्न अनुमति माग भएको हुँदा प्रचलित कानुन बमोजिम यस कार्यालयको कामकाजमा कुनै पनि बाधा नपर्ने गरी अध्ययन अनुमति दिने निर्णय गरियो। |
| निर्णय नं ८: | यस नगरपालिकामा कार्यरत कानुन अधिकृत श्री शिव प्रसाद श्रेष्ठको मिति २०८१/११/२६ को निवेदनानुसार निज कर्मचारीले कार्यालय समय बाहेक अरु समयमा कार्यालयको काम कारवाहीमा असर नपुग्ने गरी अध्यापन तथा कानुनी परामर्श सम्बन्धी कार्य गर्नको लागि |

| | |
|---|---|
| | अनुमति माग गरेको हुँदा कार्यालय समय बाहेक अरु समयमा कार्यालयको काम कारवाहीमा असर नपुग्ने गरी प्रचलित कानुन बमोजिम अध्यापन तथा कानुन व्यवसाय गर्न अनुमति दिने निर्णय गरियो। |
| निर्णय नं ९: | यस नगरपालिकाको वडा नं ९ अन्तर्गत रहेको सानागाउँ टोलमा सानागाउँ बस्ती स्तरीय ढल व्यवस्थापन गर्न ट्रिटमेन्ट प्लान्टकाको डि.पि.आर तयार गर्न प्राविधिक लागत अनुमान बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पूँजीगत परामर्श खर्च तथा गुरु योजना शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | यस नगरपालिकाद्वारा प्रचलित कानुन बमोजिम सम्पादन गर्नु पर्ने विभिन्न क्रियाकलापहरु सहितको समावेश हुने गरी आगामी नयाँ वर्ष २०८२ को वार्षिक भित्ते पात्रो प्रकाशन गर्ने निर्णय गरियो। |
| निर्णय नं ११: | मिति २०८२/०१/०२ गते बज्रयोगिनी मूल जात्राको अवसरमा र मिति २०८२/०१/१४ गते इन्द्रायणी मूल जात्राको उपलक्ष्यमा यस नगरपालिका अन्तर्गत रहेका कार्यालयहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय विदा दिने निर्णय गरियो। |
| निर्णय नं १२: | यस नगरपालिकाको वडा नं ५ स्थित पौडेल टोल सडक खण्डमा नाली भत्की सडकको ढलान जोखिममा भएकोले प्राविधिक लागत इस्टिमेट बमोजिम मर्मत संभार कोषबाट भुक्तानी हुने गरी मर्मत कार्य अगाडी बढाउने निर्णय गरियो। |
| निर्णय नं १३: | यस नगरपालिकाको वडा नं ४ स्थित होप इनोभेशन एकेडेमी नामक संस्थाको मिति २०८१/१२/१३ गतेको प्राप्त पत्रानुसार उक्त संस्थाले यस नगरपालिकाको वडा नं ४ मा कार्यक्रम सञ्चालन गर्नका लागि सहमित माग गरेको हुँदा उक्त संस्थाले कार्यक्रम सञ्चालन गर्दा नगरपालिकासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने शर्तको अधिनमा रही उक्त संस्थालाई सहमति दिने निर्णय गरियो। |
| निर्णय नं १४: | शालिनदी मेलाको अवधिमा विभिन्न व्यवसायीहरुद्वारा सिर्जित फोहोरमैला व्यवस्थापनको लागि श्री माधवनारायण समितिको निवेदनानुसार उक्त समितिलाई स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत फोहोरमैला व्यवस्थापन शीर्षकबाट रु ४,००,०००/- (अक्षररुपी रु चार लाख मात्र) भुक्तानी हुने गरी अनुदान दिने निर्णय गरियो। |

**निर्णय नं १५:**

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत योजना मध्ये तपसिल बमोजिमका टेक्काको देहायको मितिमा म्याद समाप्त हुने हुँदा उल्लेखित निर्माण व्यवसायीहरुबाट उक्त कार्यको लागि पर्याप्त समय अभावको कारण केही कार्य बाँकी रहेको भनी म्याद थपको लागि निवेदन प्राप्त भएको हुँदा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम आवश्यक प्रक्रिया पूरा गराई देहाय बमोजिमका योजनाहरुको देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| ठेक्का नं | ठेक्काको विवरण | निर्माण कम्पनीको विवरण | म्याद समाप्त हुने मिति | म्याद थप गर्ने पर्ने मिति | बैङ्क ग्यारेन्टी भए/नभएको विवरण |
|---|---|---|---|---|---|
| २४ | साँखु बजार इटा सोलिङ | श्री माता सरस्वती निर्माण सेवा | २०८१/१२/१५ | २०८२/०२/३० | २०८२/०१/२७ |
| २७ | वडा नं २ स्थित नेसुर टोल कोर्पुचे सडक | विषभ विल्डर्स एण्ड सप्लायर्स | २०८१/१२/१५ | २०८२/०३/१५ | २०८३/०४/३० |
| १४ | भोडा चक्रपथ सडक | लासाङ घिसिङ कन्स्ट्रक्सन प्रा.लि | २०८१/१२/२९ | २०८२/०१/१५ | २०२६/०७/१५ |
| ७ | होमडाँडा गौरुङटोल सडक | लासाङ घिसिङ कन्स्ट्रक्सन प्रा.लि | २०८१/१२/२९ | २०८२/०१/३० | २०२६/०७/१५ |
| १९ | सडक बत्ति जडान | अतित कन्स्ट्रक्सन प्रा.लि | २०८१/१२/२९ | २०८२/०१/३१ | २०२६/०५/१४ |

| | |
|---|---|
| निर्णय नं १६: | यस नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि मिति २०७७/११/२१ मा श्री आरोग्य-सुवेदी जेभीसँग सम्झौता भई निर्माण कार्य सूचारु रहेकोमा उक्त जेभीले मिति २०७९/१२/१२, मिति २०८०/०९/०२ मिति २०८०/१२/०९ मा दिइएको म्याद थप सम्बन्धी निवेदन उपर यस कार्यालयवाट पटक पटक गरी ३ पटक म्याद थप भईसकेको सन्दर्भमा सार्वजनिक खरिद नियमावलीको तेह्रौं संशोधन पश्चात् पछिल्लो पटक मिति २०८१/०३/३० मा सार्वजनिक खरिद नियमावलीको तेह्रौं संशोधनको नियम १२० क बमोजिम म्याद थपको लागि निवेदन प्राप्त भई सोही नियमको नियम १२० क (१) बमोजिम मिति २०८०/१२/०९ मा निर्माण व्यवसायी कम्पनीले माग गरे बमोजिम मिति २०८१/१२/३० सम्मको लागि Revised work Schedule बमोजिम milestone सहित कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा उक्त आरोग्य-सुवेदी जेभीले मिति २०८१/१२/४ गते पुनः म्याद थपको लागि निवेदन पेश गरेको हुँदा उक्त प्रशासकीय भवनको निर्माण कार्य के कति कारणले तोकिएको समयमा सम्पन्न हुन नसकेको, त्यसको पुष्टि हुने प्रमाण सहितको आधार र कारण र उक्त ठेक्काको कार्य सम्पन्न गर्नको लागि आवश्यक पर्ने समय, उक्त समयमा निर्माण कार्य सम्पन्न हुने आधार, सो अवधिमा निर्माण सम्पन्न हुने गरी तयार गरिएको कम्तीमा २ वटा माइलस्टोन सहितको Revised Work Schudule , अग्रिम बैङ्क जमानत, कार्यसम्पादन अग्रिम बैङ्क जमानत र बिमाको अवधि थप गरिएका कागजातहरु पेश गर्न पत्राचार गर्ने र उक्त कागजातहरु प्राप्त भए पश्चात् पेश भएको आधार र प्रमाणको आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम गर्ने गरी निर्णय गरियो। |

| | |
|---|---|
| निर्णय नं १७: | यस नगरपालिका र मणिचुड विल्डर्ष प्रा.लि. बीच यस नगरपालिकाको ठेक्का SMO/81-82/08 Upgrading of Maneydanda JP Pratisthan Chaukivanjyang Patap Sadak निर्माण गर्नको लागि मिति २०८१/०७/२९ मा सम्झौता भएको। सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु ७५,९१,६९८.१०/- (अक्षररुपी रु पचहत्तर लाख एकानब्बे हजार छ सय अठहत्तर रुपैयाँ र पैसा दश पैसा ) भ्याट र पिएस सहितमा उक्त फर्मले कबोल गरेको। यस अघि विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम पानी कलभर्ट, सडक ढलान, पर्खाल, नाला, ग्याबिन लगायतका कार्य रहेकोमा हाल निर्माणको क्रममा सुरुको लागत अनुमान भन्दा केहि कार्यहरुको परिमाण थप घट भएको तथा कालिमेलको उकालो मोडमा वर्षायाममा सडक बिग्रेर दैनिक आवतजावतमा समेत असर परिरहेको हुँदा सो स्थान नाला सहित सडक ढलान समेत तत्कालै गर्नु पर्ने भनी स्थानीयहरु तथा जनप्रतिनिधिहरु समेतको माग बमोजिम सो कार्य समेत गर्नको लागि नयाँ लागत अनुमान तयार भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल हुँदा लागत अनुमान रकम समेत बढ्न गएको छ। यसरी सुरुको सम्झौतामा केही कार्यहरुको परिमाण फेदबदल भएको हुँदा सुरुको सम्झौता रकममा थप रु ११,०८,२२७.८१/-(अक्षररुपी रु एघार लाख आठ हजार दुई सय सत्ताइस रुपैया र पैसा एकासी मात्र) ले हुन आउने १४.९६ प्रतिशत बढ्न गएकोले सो रकम समेत व्यहोरिने गरी नयाँ सम्झौता रकम रु ८६,९९,९०५.९६/-( अक्षररुपी रु छयासी लाख उन्नसय हजार नौ सय पाँच रुपैयाँ र पैसा छयानब्बे मात्र भ्याट र पि.एस सहित) कायम हुने गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ५४ र नियमावलीको ११८ बमोजिम variation order स्वीकृत गर्ने निर्णय गरियो। |

## अनुसूची १

# शंखरापुर नगर कार्यपालिकाको ९८ औं (मिति २०८१/११/०९) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ४: | | |

आगामी आ.व.२०८२/८३ को लागि सङ्घीय समपुरक र विशेष अनुदानका योजनाहरु माग गर्न तथा समपुरक तर्फको योजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाबाट देहाय बमोजिमको श्रोत व्यवस्थापन गर्ने गरी तपसिलमा उल्लेखित क्रम संख्या बमोजिम नै प्राथमिकताक्रम रहने गरी सङ्घीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगको online portal मा प्रविष्टि गर्ने निर्णय गरियो।

कार्यान्वयन अवस्था: कार्य सम्पन्न

तपसिल:

सङ्घीय समपुरक अनुदानमा प्रस्ताव गरिएका प्राथमिकताक्रम बमोजिमका योजनाहरु

| क्र.सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | संघीय सरकारबाट व्यहोर्ने रुकम रु | नगरपालिकाबाट व्यहोर्ने रकम रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|---|---|
| १. | देउराली स्कुलडाँडा पटाप सडक | वडा नं २ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | नयाँ योजना |
| २. | सामुदायिक भवन मणिचुड सडक | वडा नं ८ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | नयाँ योजना |
| ३. | पुरानो बसपार्क देखि बज्रयोगिनी गेटसम्म ढुङ्गा सोलिङ | वडा नं ६ र ७ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | नयाँ योजना |
| ४. | चौकी भन्ज्याङ झुले सडक | वडा नं ४ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | नयाँ योजना |

सङ्घीय विशेष अनुदानमा प्रस्ताव गरिएका प्राथमिकता बमोजिमका योजनाहरु

| क्र.सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|
| १. | ६ नं वडा भाग्योदय मा.वि.भवन निर्माण | वडा नं ६ | १,००,००,००० | आ.व.२०८०/८१ को अधुरो क्रमागत योजना |
| २. | वडा नं ८ र ९ बृहत खानेपानी | वडा नं ८ र ९ | १,००,००,००० | नयाँ योजना |
| ३. | साँखु खानेपानी | वडा नं ६ र ७ | १,००,००,००० | नयाँ योजना |
| ४. | उग्रतारा माध्यामिक विद्यालय गुणस्तर सुधार | वडा नं ८ | १,००,००,००० | नयाँ योजना |

| | | |
|---|---|---|
| निर्णय नं ६: | यस नगरपालिकाको स्वीकृत दरबन्दीमा रिक्त रहेको तथा सङ्घीय ससर्त कार्यक्रम अन्तर्गत देहायका पदहरुको दरखास्त आह्वान गरी करार सेवामा पदपूर्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। उक्त पदहरुमा हाल शंखरापुर नगरपालिकामा सोही पदमा ज्यालादारी वा सो पद भन्दा तल्लो तहको पदमा करार वा ज्यालादारीमा कार्यरत रहेका कर्मचारीहरुलाई पहिलो प्राथमिकता दिने गरी छनौट प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।<br>इन्जिनियर सिभिल आर्किटेक्ट — १ जना<br>ल्याब असिस्टेन्ट — २ जना<br>नगर प्रहरी जवान — १ जना<br>पशु चिकित्सक — १ जना | कार्य सम्पन्न |
| निर्णय नं ७: | यस शंखरापुर नगरपालिकाको जलस्रोत उपभोक्ता तथा मुहान दर्ता कार्यविधि २०८१ को दफा ६ उपदफा ५ मा व्यवस्था भए बमोजिम नगर जलस्रोत समितिको मिति २०८१ फागुन ०९ गतेको सिफारिस बमोजिम यस नगरपालिकाको वडा नं ६ स्थित श्री सलम्बुदेवी वनसँगै नयाँ बस्ती खानेपानी उपभोक्ता संस्था विधिवत रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न सिफारिस गरिएको हुँदा शंखरापुर वृहद खानेपानी मुहान उपभोक्ता समिति दर्ता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | कार्य सम्पन्न |
| निर्णय नं ८: | चालु आर्थिक वर्षमा स्वीकृत वार्षिक योजना शंखरापुर ३ खानेपानी शीर्षकमा रु ९,५०,०००/-(अक्षररुपी रु नौ लाख पचास हजार मात्र) विनियोजन गरिएकोमा उक्त योजनाको लागत अनुमान तयार गर्दा अपुग भएको रकम रु १०,५०,०००/-(अक्षररुपी रु दश लाख पचास हजार मात्र) नगर समपुरक कोषवाट थप बजेटको श्रोत सुनिश्चित गरी लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो। | कार्य सम्पन्न |

| निर्णय नं ९: | |
|---|---|
| आगामी आ.व.२०८२/८३ को लागि बागमती प्रदेशमा समपुरक र विशेष अनुदानका योजनाहरु माग गर्न तथा समपुरक तर्फको योजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाबाट देहाय बमोजिमको श्रोत व्यवस्थापन गर्ने गरी तपसिल बमोजिमको प्राथमिकताक्रम रहने गरी योजनाहरु सिफारिस गर्ने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |

तपसिल:

बागमती प्रदेश समपुरक अनुदानमा प्रस्ताव गरिएका प्राथमिकताक्रम बमोजिमका योजनाहरु

| क्र. सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | प्रदेश सरकारबाट व्यहोर्ने रुकम रु | नगरपालिकाबाट व्यहोर्ने रकम रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|---|---|
| १. | कृष्णभक्त मार्ग | वडा नं ३ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | आ.व.२०८०/८१ को अधुरो क्रमागत योजना |
| २. | फेदी बुर्कुमाला बैरमहादेव चियाबगान चौकीभन्ज्याङ झुले सडक | वडा नं ४ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | आ.व.२०८०/८१ को अधुरो क्रमागत योजना |
| ३. | खोरिया सडक | वडा नं ५ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |
| ४. | साँखु भुल्बु मोक्तानटोल घुमारचोक मणिचुड सडक | वडा नं ६ ७ र ८ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | आ.व.२०८१/८२ को अधुरो क्रमागत योजना |
| ५. | रानाटोल नयाँगाउँ बतासेडाँडा जात्रानाघी सडक | वडा नं ८ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |
| ६. | साँखु चाँगु सडक | वडा नं ६ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |
| ७. | भोडा साँगाचोक चौकी | वडा नं ३ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भन्ज्याङ सडक | | | | | |
| ८. | खुरालटार सानागाउँ सडक | वडा नं ९ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | आ.व.२०८१/८२ को अधुरो क्रमागत योजना |
| ९. | भद्रे आहाल पन्चपाले सडक | वडा नं १ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |
| १०. | लाँकुरीबोट कुन्डेश्वर सडक | वडा नं १ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |
| ११. | नाईखोला धुल्ला महादेवस्थान सडक | वडा नं ७ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |
| १२. | वनदेवी काफ्लेडाँडा गागलफेदी सडक | वडा नं ८ | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | नयाँ योजना |

बागमती प्रदेश विशेष अनुदानमा प्रस्ताव गरिएका प्राथमिकता बमोजिमका योजनाहरु

| क्र.सं. | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|
| १. | शखरापुर ४ वृहत खानेपानी | वडा नं ४ | १,००,००,००० | नयाँ योजना |
| २. | शखरापुर ३ वृहत खानेपानी | वडा नं ३ | १,००,००,००० | नयाँ योजना |
| ३. | ४ नं वडा कार्यालय भवन निर्माण | वडा नं ४ | १,००,००,००० | नयाँ योजना |
| ४. | बैरमहादेव आधारभूत विद्यालय भवन निर्माण | वडा नं ४ | १,००,००,००० | नयाँ योजना |
| ५. | निमारे खानेपानी | वडा नं २ | १,००,००,००० | नयाँ योजना |
| ६. | मणिचुढ वृहत खानेपानी | वडा नं ८ | १,००,००,००० | नयाँ योजना |
| ७. | शखरापुर १ वृहत खानेपानी | वडा नं १ | १,००,००,००० | नयाँ योजना |
| ८. | राष्ट्रिय माध्यामिक विद्यालय भवन निर्माण | वडा नं ९ | १,००,००,००० | नयाँ योजना |
| ९. | दलित लक्षित कार्यक्रम | वडा नं ३ | १,००,००,००० | नयाँ योजना |

| | | |
|---|---|---|
| निर्णय नं १०: | यस नगरपालिका अन्तर्गतको वडा नं ९ स्थित इन्द्रायणी नगर अस्पतालमा करार सेवामा कार्यरत MDGP चिकित्सक श्री गौरव पौडेलको करार सम्झौता बमोजिम दैनिक ४ घण्टा सार्वजनिक विदाको दिन बाहेक कामकाज गर्दै | कार्य सम्पन्न |

| | | |
|---|---|---|
| | आइरहेको र गोकर्णेश्वर नगरपालिकाको बेसीगाउँ स्थित नेपाल मेडिकल कलेजले आवधिक रुपमा प्रदान गर्दै आएको विशेषज्ञ स्वास्थ्य सेवा समेत हाल उपलब्ध नगराएको हुँदा निज MDGP चिकित्सक श्री गौरव पौडेलको नियमित कार्यालय समयसम्म(बिहान १० बजे देखि ५ बजेसम्म) ओ.पि.डी./रेडियोलोजी सेवा समेत उपलब्ध गराउने सर्त सहित निजलाई नवौं तहको आधारभूत तलब सुविधा तथा उक्त तलब सुविधाको १०० प्रतिशतको अतिरिक्त विशेषज्ञ भत्ता उपलब्ध गराउने तथा निजले Radiology सेवा उपलब्ध गराए बापत USG सेवामा अस्पतालले लिने शुल्कको ६० प्रतिशत रकम निजको सेवा सुविधामा थप गर्ने गरी करार सम्झौता पुरावलोकन गर्ने निर्णय गरियो। | |
| निर्णय नं ११: | आ.व. २०८१/८२ मा सङ्घीय विशेष कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं ६ स्थित भाग्योदय माध्यामिक विद्यालयको निर्माणाधीन भवनको केही कार्यहरु अधुरो रहने हुँदा पूर्वाधार शाखाका इन्जिनियर श्री नविन के.सी ले पेश गरेको प्रतिवेदन बमोजिम कुल सम्झौता रकमको २४.८ प्रतिशतले हुन आउने रकमको कार्य थप गर्नु पर्ने देखिएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ तथा शंखरापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०८० को नियम १३०(१ ग) बमोजिम सोही आयोजनामा विनियोजित शीर्षकबाट स्रोत सुनिश्चित हुने गरी Variation Order स्वीकृत गर्ने निर्णय गरियो। | कार्य सम्पन्न |
| निर्णय नं १२: | यस नगरपालिका अन्तर्गत वडा नं ५ मा सञ्चालित हुने शंखरापुर वृहत खानेपानी आयोजना शंखरापुर -५ को लागि सङ्घीय खानेपानी आयोजना मार्फत कार्यान्वयन हुने गरी बहुवर्षीय प्रक्रियामा जाने क्रममा रहेको उक्त आयोजनाको लागि स्थानीय सरकार तथा उपभोक्ताको तर्फबाट कुल लागत अनुमानको २० प्रतिशत रकम वा श्रमदान व्यहोर्नु पर्ने व्यवस्था रहेकोमा उक्त आयोजना सञ्चालनको लागि कुल लागत अनुमानको १० प्रतिशत रकम शंखरापुर नगरपालिकाले आन्तरिक स्रोतबाट व्यहोर्ने गरी बहुवर्षीय टेण्डर प्रक्रियामा जानको लागि सङ्घीय खानेपानी आयोजनासँग त्रिपक्षीय सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। | कार्य सम्पन्न |
| निर्णय नं १३: | यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी मन्दिर परिसरमा रहेको सार्वजनिक शौचालयको अधुरो कार्य पुरा गर्न प्रावधिक लागत इस्टिमेट बमोजिम रु २,२०,०००/- (अक्षररुपी रु दुई लाख बिस हजार मात्र) मर्मत संभार कोषबाट खर्च हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |
| निर्णय नं १४: | यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी माइ राख्ने घरको अधुरो कार्य सम्पन्न गर्नको लागि प्राविधिक लागत इस्टिमेट बमोजिम रु १३,००,०००/- (अक्षररुपी रु तेह लाख मात्र) आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत निर्मित भवनको संरचनात्मक सुधार शीर्षकबाट खर्च हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |

| | | |
|---|---|---|
| निर्णय नं १५: | बागमती प्रदेश सरकारको सशर्त कार्यक्रमबाट सञ्चालन हुने यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी खानेपानी आयोजनाको कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समिति मार्फत गर्न मिल्ने कार्यहरु प्राविधिक लागत इस्टिमेट बमोजिम उपभोक्ता समिति मार्फत गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो। | कार्य सम्पन्न |
| निर्णय नं १६: | यस नगरपालिकाको साँखु-कात्तिके सडकको लम्बुडाँडा खण्डमा सडक बिग्री यातायातका साधनहरु सञ्चालनमा कठिनाई हुँदा दुर्घटना समेत हुन सक्ने भएकोले प्राविधिक लागत इस्टिमेट बमोजिमको लागत नगर मर्मत संभार कोषबाट खर्च गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |
| निर्णय नं १७: | यस नगरपालिकाको वडा न ९ स्थित खुलालटारमा रहेको गणपति गणेश मन्दिर वर्षामा मनहरा नदीको कटानको कारण क्षती हुने उच्च जोखिम भएको भनी ९ नं वडा कार्यालयको सिफारिस भएको हुँदा उक्त नदी कटान संरक्षणको लागि प्राविधिक लागत इस्टिमेट बमोजिम विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |
| निर्णय नं १८: | यस नगरपालिकाको वडा नं ९ स्थित लाकिला गणेश मन्दिरमा आवश्यक मर्मत संभार गर्नको लागि मर्मत संभार कोषबाट रु ५,००,०००/-(अक्षररुपी रु पाँच लाख मात्र) खर्च गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |
| निर्णय नं १९: | यस नगरपालिकाको वडा नं ७ र ८ स्थित कोलागाल देखि बज्रयोगिनी जाने बाटोमा ढुङ्गा छापेको मर्मत गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम मर्मत संभार कोषबाट खर्च गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |
| निर्णय नं २०: | यस नगरपालिकाको वडा नं ८ स्थित बज्रयोगिनी मन्दिर नजिक रहेको पिकनिक स्पटको सार्वजनिक शौचालय अधुरो भएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम मर्मत संभार कोषबाट खर्च गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन को चरणमा रहेको |

अनुसूची २

शंखरापुर नगरपालिका

साँखु, काठमाण्डौ

योजना अनुगमन तथा सुपरिबेक्षण समिति

आ.ब. २०८१।८२ फागुन महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६.को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८१।८२ को फागुन महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्वन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्वन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु सञ्चालनको लागि वडा कार्यालयहरुले माघ महिना भित्र उपभोक्ता समितिहरु गठन गरी सम्झौता भएका योजनाहरुको कार्यान्वयन प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. <u>योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु</u>

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम गर्दै गरेका योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्न स्पष्ट निर्देशन दिईएको ।

ग. <u>अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु</u>

- चालु आर्थिक वर्ष २०८१।८२ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि योजना कार्यान्वयन कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन भएका योजनाहरु २०८१ माघभित्र सम्झौता भएका योजनाहरु २०८२ वैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।

- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

## फागुन महिनामा अनुगमन गरिएका र भुक्तानी सिफारिस/अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

### प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएका कामको विवरण

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ६ | सिटिभिटी मुनि ल्वःगाचा सडकमा बोरा भरेको | ७८०१६।- |
| २ | ६ | सिटिभिटी मुनि कठनचोकसम्म ड्रेन सफा गरेको | |

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | १ | तल्लो मोक्तानटोल सडक | ५०० |
| २ | ४ | रैले बृद्धाश्रम सडक | २५० |
| ३ | ५ | बिशंभरा सिंचाई | ३४० |
| ४ | ५ | बिशंभरा खेल मैदान | २५० |
| ५ | ५ | लम्वुडाँडा सडक | ५०० |
| ६ | ५ | जेष्ठ नागरिक भवन | २५० |
| ७ | ५ | नारायणखोला नदी नियन्त्रण | ५०० |
| ८ | ५ | चित्रेखोला नगरकोटीटोल सडक | १००० |
| ९ | ८ | मोक्तानटोल सामुदायिक भवन | ५०० |
| १० | ८ | गागलफेदी काफ्लेडाडा बनदेवी सडक | ५०० |
| ११ | ७ | ब्रम्हकुमारी ओम शान्ति भवन | ३०० |
| १२ | ६ | मणिचुड जन्मभूमी महाविहार | ३०० |
| १३ | ९ | कालिका भगवती मन्दिर संगैको भवन पूर्वाधार | २०० |
| १४ | ९ | बिन्दवासिनी मन्दिर जाने बाटो | २०० |
| १५ | २ | सौरा लामाटोल सडक | ५०० |

| | | | |
|---|---|---|---|
| १६ | २ | क्यामटोल सडक | ९०० |
| १७ | ६ | भाग्योदय मा.बि. भवन निर्माण | ३४७८ |
| १८ | ६ | कोशेली घर उद्योग समूह | ३०० |
| १९ | १ | कमेरे सिंचाई कुलो | २०० |
| २० | १ | लगनशिल कृषक भवन ट्रस | २५० |
| २१ | १ | लगनशिल कृषक समूह उखु पेल्ने मेशिन खरिद | ५०० |
| २२ | १ | मन्छने थुम्का खोल्सी नियन्त्रण | २०० |
| २३ | १ | माने गैरो खोप केन्द्र निर्माण | ५०० |
| २४ | ३ | जनकल्याण सा.सिकाई केन्द्र | २०० |
| २५ | ३ | कृष्णभक्त मार्ग | १४७८ |
| २६ | ३ | सिरानचौर सडक | १००० |
| २७ | ९ | खुलालटार सानागाउ उखुटार सडक | ५४३८ |
| २८ | ८ | बज्रयोगिनी टोल सुधार समिति | ३०० |
| २९ | ८ | बज्रयोगिनी क्षेत्रमा ध्वजा व्यवस्थापन | २०० |
| ३० | ८ | मानेडाँडा महिला कृषक समूह | १०० |
| ३१ | ८ | हिमालेश्वर महादेव ट्रस भवन | २०० |
| ३२ | ८ | भुल्भु खत्रीगाउँ मन्दिर | ५०० |
| ३३ | ८ | संगमस्कूल पछाडि भुल्भु बाटो | ३०० |
| ३४ | ८ | साँखु भुल्भु मोक्तानटोल मणिचुड सडक | ५९७० |
| ३५ | ६ | भाग्योदय मा.बि. | १५० |
| ३६ | ५ | सिद्देश्वर महादेव मन्दिर | ५०० |
| ३७ | ५ | पौडेलटोल सडक | ३८१० |
| ३८ | ३ | चाचाखाला आहालचौर सडक | ७२० |
| ३९ | ३ | महांकाल दुग्ध सहकारी सामान खरिद | १०० |
| ४० | ७ | साँखु चिहानपाटी सिपुख्य | ६५० |
| ४१ | ७ | मखत्वचा मोटरवाटो मर्मत तथा निर्माण | २५० |
| ४२ | ७ | मखत्वचा सडक | ४०० |
| ४३ | ७ | कठनचोक खोला नियन्त्रण | ५५० |
| ४४ | ९ | सेतिदेवी मन्दिर जाने बाटो | २५० |

| | | | |
|---|---|---|---|
| ४५ | ८ | धारा भन्ज्याङ गुठी भवन | ७०० |
| ४६ | ८ | धारा भन्ज्याङ चिहानपाटी | ५०० |
| ४७ | ८ | जात्रानाघी सामुदायिक भवन | २५० |
| | | जम्मा | ३६९३४ |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः राममणि ढकाल | नामः समिता श्रेष्ठ |
| पदः योजना अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८१।११।२९ | मितिः २०८१।११।२९ |